नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

# चलचित्र विकास बोर्ड

चाबहिल, काठमाडौं

## मोटरसाईकलहरू लिलाम बिक्री सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७४।१२।०२)

यस चलचित्र विकास बोर्डको पुराना मोटरसाईकलहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएको हुनाले बोलपत्र आह्वानको सूचना प्रकाशित गरीएको छ । इच्छुक व्यक्ति वा फर्महरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ ।

**लिलाम गर्ने मोटरसाईकलहरूको विवरणः-**

| सि.नं. | सवारी साधनको विवरण | परिणाम | न्यूनतम लिलाम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १. | मोटरसाईकल | ५ (पाँच) | ६३,०९९।९७ | मूल्य अभिवृद्धि कर समेत |

१. **बोलपत्र फारम पाउने स्थानः-** चलचित्र विकास बोर्ड, चाबहिल, काठमाडौं ।

२. **बोलपत्र फारम दस्तुरः-** रू. ३००।- (फिर्ता नहुने) यस बोर्डको लेखा शाखामा नगद जम्मा गर्न वा यस बोर्डको नाममा रहेको नेपाल राष्ट्र बैंकको खाता नं. बैं.अ. १२०६११९।००१।००१।५२४ मा बुझाएको सक्कल बैंक भौचर समेत पेश गर्न सकिने ।

३. **बोलपत्र फारम खरिद अन्तिम मितिः-** प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र ।

४. **बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मितिः-** प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे सम्म ।

५. **बोलपत्र खोलिने मिति र समय र स्थानः-** प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको २:०० बजे, चलचित्र विकास बोर्ड, चाबहिल, काठमाडौं ।

६. **बोलपत्र पेश गर्ने स्थानः-** चलचित्र विकास बोर्ड, चाबहिल, काठमाडौं ।

७. **धरौटी रकमः-** कबोल अंकको १० प्रतिशत ।

८. **धरौटी जम्मा गर्ने खाता नं. र नामः-** खाता नं. बैं.अ. १२०६११९।००१।००२।५२४ चलचित्र विकास बोर्ड ।

९. **धरौटी जम्मा गर्ने बैंकः-** नेपाल राष्ट्र बैंक, काठमाडौं ।

१०. **बोलपत्र फारम खरिद गर्न पेश गर्नुपर्ने कागजातहरूः-**

(क) फर्म भए ईजाजत पत्र, मु.अ.कर दर्ताको प्रतिलिपि,

(ख) आ.व. २०७३/७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, निवेदनमा रू. १०।- को टिकट,

(ग) व्यक्तिको हकमा निवेदनमा रू. १०।- को टिकट र हालसालै खिचिएको फोटो टाँस गरी नेपाली नागरिकताको प्रतिलिपि संलग्न हुनुपर्ने ।

११. बोलपत्र सम्बन्धी कागजात खरिद तथा दाखिला गर्ने अन्तिम दिन विदा परे विदा पछि कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरू गरिनेछ ।

१२. बोलपत्र दाताले बोलपत्रमा अंक र अक्षर प्रष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

१३. बोलपत्र स्वीकृत वा रद्द गर्ने सम्पूर्ण अधिकार यस बोर्डमा निहित हुनेछ ।

१४. बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताले दस्तखत गरी फर्म भए फर्मको छाप लगाउनु पर्नेछ ।

१५. रीत नपुगी र म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

१६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिनभित्र बोर्डमा उपस्थित भई आफ्नो कबोल अनुसारको रकम जम्मा गरी सामान उठाई लानु पर्नेछ । उक्त समय भित्र सामान नउठाएमा बोर्डले धरौटी जफत गरी वैकल्पिक व्यवस्था गर्नेछ ।

१७. यो सूचना चलचित्र विकास बोर्डको सूचना पाटीमा र वेबसाईट www.film.gov.np मा पनि हेर्न सकिनेछ ।

१८. सूचनामा उल्लेख नभएका कुराको हकमा आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार हुनेछ ।